नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग
टेकु, काठमाण्डौं

**अकुपञ्चर चिकित्सा प्रवर्द्धन सम्बन्धि कार्यक्रम अन्तर्गत परामर्श सेवा मार्फत प्राकृतिक चिकित्सक छनौट सम्बन्धि कार्य विवरण (Terms of Reference)**

**१. भूमिका :**

नेपालमा हाल प्रचलित चिकित्सा पद्धतिहरुमा एलोपैथिक चिकित्सा प्रणाली, आयुर्वेद चिकित्सा प्रणाली, होमियोपैथिक चिकित्सा प्रणाली, यूनानी चिकित्सा प्रणाली र प्राकृतिक चिकित्सा प्रणालीहरु मुख्य हुन् । यस बाहेक नेपाल सरकारले राजपत्रमा प्रकाशन गरि अकुपञ्चर चिकित्सा तथा सोवा रिग्पा चिकित्सा समेतलाई मान्यता दिएकोछ । अकुपंचर दुईवटा ल्याटिन शब्दहरु मिलेर बनेको छ "अकु" अर्थात् "तिखो" र "पंचर" अर्थात् "घोचाइ" । यस अर्थमा तिखो घोचाई नै अकुपंचरको सामान्य अर्थ हो । मानव सभ्यताको विकास सँगसँगै ढुङ्गे युगदेखि नै परम्परागत चिनियाँ चिकित्साको अभिन्न अङ्गको रूपमा प्रचलित यो चिकित्सा पद्धति समयको परिवर्तनसँगै विभिन्न चरणमा अध्ययन, अनुसन्धानमार्फत वैज्ञानिकीकरण भएर हाल विभिन्न रोगहरूमा भरपर्दो उपचार पद्धतिको रुपमा विकास भएको छ । नेपालमा अकुपंचरको प्रवेश २०२८ सालमा भएको पाइन्छ । कोदारी राजमार्ग अन्तर्गत पुल निर्माण गर्दा आएका चिनियाहरुसंगै नेपालमा अकुपंचरको प्रवेश भएको हो । सुरुमा चिनियाबाट मात्र सेवा दिईएको अकुपंचर विधिलाई केही समयपछि आधुनिक चिकित्सकहरुले पनि अंगालेर सेवा दिइएको पाइन्छ ।

नेपालमा पहिलो पल्ट आधिकारिक रुपमा अकुपंचर शुरु गर्नमा डा. राममान श्रेष्ठ, डा. भरत प्रधानको नाम आउँछ । वि.सं २०३४ सालमा वीर अस्पतालमा अकुपंचर युनिट स्थापना गरियो र यसबाट नै पहिलोपटक सरकारी स्तरमा अकुपंचर सेवा दिन थालियो । नेपाल प्रहरी अस्पतालमा पनि केही समय अकुपंचर सेवा संचालनमा आएता पनि हाल यो सेवा बन्द भएको छ । त्यसैगरी वि.सं. २०४१ सालमा केन्द्रीय आयुर्वेद चिकित्सालय नरदेवीमा पनि अकुपंचर युनिट स्थापना गरियो र अकुपंचर सेवा दिन थालियो । हाल नेपालमा अकुपञ्चर चिकित्साको विभिन्न तहको जनशक्तिहरु रहेको र तिनिहरुको परिचालनबाट यस क्षेत्रको प्रवर्द्धन हुने कुरामा आशावादी हुन सकिन्छ । आयुर्वेद हाल केही प्रदेश तह एवम् स्थानीय तहमा रहेका आयुर्वेद संस्थाहरु बाट पनि यो सेवा प्रदान हुँदै आएको छ । अब सातवटै प्रदेश मा स्थापना हुने १०० शैयाको आयुर्वेद तथा वैकल्पिक चिकित्साका अस्पतालहरुमा यस सेवा ले निरन्तरता पाउने विश्वास लिनसकिन्छ ।

तत्कालिन आयुर्वेद विभाग वि.सं. २०७४ मा वैकल्पिक चिकित्सा का अन्य विद्याहरु होमियोप्याथिक चिकित्सा, प्राकृतिक चिकित्सा, अकुपञ्चर चिकित्सा तथा सोवा रिग्पा चिकित्सा समेतको प्रवर्द्धन, विकास तथा नियमनको थप जिम्मेवारी सहित आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको रुपमा रुपान्तरित भई कार्य गर्दै आएकोछ । आयुर्वेद बाहेक का अन्य वैकल्पिक चिकित्सा प्रवर्द्धन कार्यका लागि यस विभागले वार्षिक रुपमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस विभागको सांगठानिक संरचना मा वैकल्पिक चिकित्सा महाशाखा अन्तर्गत प्राकृतिक तथा अकुपञ्चर चिकित्सा शाखा समेत रहेकोछ । जसमा प्राकृतिक चिकित्सक आठौ तह र अकुपञ्चर चिकित्सक आठौ तह का एक एक जना जनशक्ति रहने व्यवस्था छ । तर स्वास्थ्य सेवा ऐन र नियमावलीमा सो दरबन्दी उल्लेख नभएकोले जनशक्ति आपूर्ति नभएको अवस्था छ । जसले सम्बन्धित विद्याको प्रवर्द्धन, विकास, विस्तार तथा नियमनमा कार्यक्रम बनाउन, कार्यन्वयन गर्न अप्ठेरो परेको स्थिति छ ।

वैकल्पिक चिकित्सा विद्याका होमियोप्याथिक, प्राकृतिक चिकित्सा, अकुपञ्चर तथा सोवा रिग्पा चिकित्सा प्रवर्द्धनका लागि आ.व. २०८१।०८२ को वार्षिक बजेटमा वैकल्पिक चिकित्सा सुदृढिकरण/प्रवर्द्धन कार्यक्रम राखिएको छ , जस अन्तर्गत बजेट उपशिर्षक नम्बर २.७.२२.२८३२ मा अकुपञ्चर चिकित्सा सुदृढिकरण/प्रवर्द्धन कार्यक्रमा रु.७०००००।( अक्षरेपी रु. सातलाख विनियोजन गरिएको छ । वार्षिक बजेट अनुसार तयार पारिएको कार्ययोजनामा समेत सो शीर्षकबाट खर्च हुने गरि परामर्श सेवामा अकुपञ्चर चिकित्सक छनौट गरिने उल्लेख गरिएको छ । तसर्थ अकुपञ्चर



नि. महानिर्देशक

चिकित्सा सुदृढिकरण/प्रवर्द्धनका लागि विभागको शाखागत कार्य विवरण अनुसार समेत कार्य गर्न अकुपञ्चर चिकित्सक परामर्श सेवा मा छनौट गरि कार्य गर्न गराउन यो कार्य विवरण (Terms of Reference) तयार गरिएको छ ।

## २. उद्देश्य

- अकुपञ्चर चिकित्सा सेवा सुदृढीकरण सम्वन्धि कानून, नीति, गुणस्तर तथा मापदण्ड निर्माणमा सहयोग गर्ने
- अकुपञ्चर चिकित्साको विकास र विस्तार सम्वन्धि अल्पकालिन र दीर्घकालिन नीति योजना तयार गर्न सहजिकरण गर्ने र अन्तिम प्रतिवेदन आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग समक्ष पेश गर्ने ।
- प्रतिवेदनको निष्कर्षलाई अकुपञ्चर चिकित्सा सम्वधि नीति निर्माणमा पृष्ठपोषणको रुपमा लिने,
- प्राविधिकहरूका लागि तालिम आवश्यकता पहिचान र कार्यान्वयन गर्ने
- अकुपञ्चर चिकित्सा क्षेत्रमा अनुसन्धानलाई प्रवर्धन गर्दै अनुसन्धानवाट प्राप्त प्रमाणमूलक व्यवहार वा अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा, उपचार पद्दति एवं स्वास्थ्य सेवा प्रवाहमा उपयोग गर्न सहजिकरण गर्ने ।

## ३ परामर्श सेवा मार्फत अकुपञ्चर चिकित्सक छनौटको आवश्यकता

आ.व. २०८१।०८२ को वार्षिक बजेटमा वैकल्पिक चिकित्सा सुदृढिकरण/प्रवर्द्धन कार्यक्रम राखिएको छ , जस अन्तर्गत बजेट उपशिर्षक नम्बर २.७.२२.२८३२ मा अकुपञ्चर चिकित्सा सुदृढिकरण प्रवर्द्धन कार्यक्रमा रु.७०००००।अक्षरेपी रु. सातलाख विनियोजन गरिएको छ । वार्षिक बजेट अनुसार तयार पारिएको कार्ययोजनामा समेत सो शीर्षकबाट खर्च हुने गरि परामर्श सेवामा अकुपञ्चर चिकित्सक छनौट गरिने उल्लेख गरिएको छ । तसर्थ अकुपञ्चर चिकित्सा सुदृढिकरण प्रवर्द्धनका लागि विभागको शाखागत कार्य विवरण अनुसार समेत कार्य गर्न अकुपञ्चर चिकित्सक परामर्श सेवा मा छनौट गरि कार्य गर्न गराउन यो कार्य विवरण (Terms of Reference) तयार गरिएको छ ।

## ४ अकुपञ्चर चिकित्सकले गर्नुपर्ने कार्यहरु एवं कार्यविधि

४.१ कार्यविधि

- अकुपञ्चर चिकित्सकले यस विभागको वैकल्पिक चिकित्सा महाशाखा तथा प्राकृतिक तथा अकुपञ्चर चिकित्सा शाखाको नियमित सम्पर्क र निर्देशनमा रही तोकिएको समयावधि भित्र निर्दिष्ट कार्य विवरण तथा आवश्यक अध्ययन अनुसन्धान पश्चात विश्लेषण सहित प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।
- वैकल्पिक चिकित्सा महाशाखा तथा प्राकृतिक तथा अकुपञ्चर चिकित्सा शाखाको सम्वन्धित अधिकृत तथा पदाधिकारीहरुसंग अग्रिम छलफल, परामर्श गर्नुपर्नेछ।

४.२ कार्य विवरण :

- अकुपञ्चर चिकित्सा सेवा सुदृढीकरण सम्वन्धि कानून, नीति, गुणस्तर तथा मापदण्ड निर्माणमा सहयोग गर्ने
- अकुपञ्चर अस्पताल सेवा गुणस्तर सुनिश्चितताका लागि अनुगमन र निरीक्षण कार्यमा सहयोग गर्ने ।
- अकुपञ्चर चिकित्सा संग सम्वन्धित स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरुको लगत संकलन गर्ने र प्रतिवेदन गर्ने ।
- अकुपञ्चर चिकित्सा क्लिनिक, उपचार केन्द्र तथा अस्पतालको सेवाको गुणस्तर मापनमा सहयोग र पृष्ठपोषण गर्ने ।
- अकुपञ्चर चिकित्सा विषयगत प्रस्तुति, सभा, गोष्ठी, सेमिनार वा सम्मेलनको आयोजना कार्यान्वयन मा सहजिकरण तथा आवश्यकतानुसार सहभागिता जनाउने ।

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग
टेकु, काठमाण्डौ

- अकुपञ्चर को विकास र विस्तार सम्वन्धि अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन नीति योजना तयार गर्ने र प्रतिवेदन गर्ने ।
- अकुपञ्चर चिकित्सा विधा सम्वन्धि अनुसन्धानमूलक कार्यहरूमा सहजिकरण गर्ने ।
- अकुपञ्चर चिकित्सा क्षेत्रमा अनुसन्धानलाई प्रवर्धन गर्दै अनुसन्धानवाट प्राप्त प्रमाणमूलक व्यवहार वा अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा, उपचार पद्दति एवं स्वास्थ्य सेवा प्रवाहमा उपयोग गर्न सहजिकरण गर्ने ।
- अकुपञ्चर चिकित्सालाई प्रचलित अन्य चिकित्सा प्रणालीसंग एकिकृत रुपमा सेवा प्रवाह सम्वन्धि आवश्यक कार्यविधि वनाउने ।
- प्राविधिकहरूका लागि तालिम आवश्यकता पहिचान र कार्यान्वयनमा सहजिकरण गर्ने ।

**५. कार्य सम्पन्न पश्चात पेश गर्नुपर्ने अन्य कागजातहरु**

अन्तिम प्रतिवेदन , Data Set, Guidelines,

**६. परामर्श सेवा अवधि :**

अकुपञ्चर चिकित्सक छनौट पश्चात यस विभाग र सम्वन्धित चिकित्सक विच हुने सम्झौतापत्रमा उल्लेख गरिए वमोजिम हुनेछ र तोकिएको कार्यविधि अनुसार कार्य सम्पन्न गरी प्रतिवेदन वुझाइ सक्नुपर्नेछ ।

**७. परामर्शसेवामा छनौट हुने अकुपञ्चर चिकित्सक को योग्यता र अनुभव :**

- मानसिक तथा शारिरीक रुपले स्वस्थ्य, फौजदारी अभियोग नलागेको नेपाली नागरिक हुनुपर्नेछ ।
- अकुपञ्चर चिकित्सामा कम्तिमा स्नातक तह उत्तीर्ण गरि सम्वन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।
- कम्तिमा १ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।
- सम्वन्धित विषयमा स्नातकोत्तर गरेको र नीति, निर्माण, मापदण्ड सम्वन्धि कार्य गरेकोलाई विशेष प्राथमिकता दिईनेछ ।

**८. परामर्श सेवा अन्तर्गतको अकुपञ्चर चिकित्सकले अपनाउनुपर्ने कार्यप्रणाली :**

अकुपञ्चर चिकित्सकले यस विभागद्धारा तोकिएका अधिकृतसँग समन्वयन गरी आफूले जिम्मा लिएको कार्य तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्नेछ । यस कार्यका लागि विभागद्धारा तोकिएका अधिकृतले निजको मासिक रुपमा गरेका कार्यहरु सम्पन्न भएको सिफारिस गरेपछि मात्र कार्य सम्पन्न भएको मानिनेछ ।

**९. पारिश्रमिक भुक्तानी व्यवस्था :**

यस विभागको छनौट समितिले तोकेको विधिवाट सफल उम्मेदवारलाई द्विपक्षिय सम्झौता मार्फत तय भए अनुसारको रकम निर्धारित अवधि भरि मासिक रुपमा उपलब्ध गराईनेछ । पारिश्रमिक रकमका सम्वन्धमा आपसी छलफल मार्फत तय गरिनेछ र अन्य व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

नि. महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग
टेकु, काठमाण्डौ

## १०. छनौट समिति

यस विभागद्वारा गठन हुने तपसील बमोजिमको छनौट समितिले नियमानुसार दर्ता भएका निवेदनहरु मध्ये योग्य अकुपञ्चर चिकित्सक को छनौट गर्नेछ :

- वैकल्पिक चिकित्सा महाशाखा प्रमुख - संयोजक
- उपसचिव, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग-सदस्य
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, महानिर्देशकले तोकेका विशेषज्ञहरु (दुई जना) -सदस्य
- आयुर्वेद चिकित्सा महाशाखा प्रमुख -सदस्य
- लेखा अधिकृत, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, सदस्य
- शाखा अधिकृत -सदस्य सचिव

नोट : छनौट समितिले आवश्यकता अनुसार अन्य विज्ञ तथा वाह्य प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

## ११. छनौट समितिको काम, कर्तव्य र अधिकार:

- यसै अवधारणा पत्रमा उल्लेखित आधारहरु अवलम्वन गरी सूचना प्रकाशित गरि योग्य उम्मेदवारहरु बाट अकुपञ्चर चिकित्सा सुदृढिकरण/प्रवर्द्धन सम्वन्धि कार्ययोजना माग गरि प्राप्त प्रस्तावको मूल्यांकन गरि अकुपञ्चर चिकित्सकको छनौट गरि स्वीकृतिका लागि महानिर्देशक समक्ष पेश गर्ने ।

## १३. सूचना प्रवाह :

परामर्श सेवा मार्फत अकुपञ्चर चिकित्सक छनौटको प्रस्ताव आव्हान सम्वन्धि जानकारी आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको को सूचनापाटी र वेवसाइटमा राखिनेछ ।

## १४. कार्यक्रम संचालन खर्च:

बैठक, गोष्ठी, कार्यपत्र प्रस्तुतकर्ता,सहयोगी कर्मचारीहरु र अन्य खर्च अर्थ मन्त्रालयको खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि अनुसार खर्च गरिनेछ ।

## १६. विविध

- यस अवधारणा पत्र अनुसार कार्य गर्दा कुनै दुविधा आएमा आवश्यक व्याख्या आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग ले गर्नेछ ।
- यस अवधारणापत्र अनुसार गरिएका विषयहरुमा संशोधन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी समझदारी वमोजिम हुनेछ ।

नि. महानिर्देशक